कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

फोन नं. ०८८-५२०१३०
Email: adosalyan2081@gmail.com
website:www.adosalyan.gov.np

# कृषि विकास कार्यालय, सल्यान

प.सं. २०८१/०८२
सूचना नं.-१२

## कार्यक्रम सञ्चालनका लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना !

प्रथम पटक प्रकाशित मितिः २०८१/०८/२८

यस कार्यालयको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक स्वीकृत तपसिल अनुसारका कार्यक्रम सञ्चालनका लागि सहकारीहरु मार्फत व्याज लगानी हुने कृषि ऋणमा अनुदान रकम उपलब्ध गराउने कार्यक्रम रहेको हुँदा जिल्लाका कृषि क्षेत्रमा काम गर्ने सहकारी संस्थाहरूबाट दरखास्त आव्हान लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र (मिति २०८१/०९/१८ गतेका दिन सार्वजनिक बिदा परेमा कार्यालय खुलेको दिन) तपसिल अनुसारका कागजातहरू संलग्न राखी कार्यालय समयमा आवश्यक कागजात संलग्न राखी आवेदन पेश गर्न सूचित गराइन्छ । म्याद नाघी वा रीत नपुगी प्रास हुन आएका निवेदन उपर कुनै कारबाही हुने छैन यस सम्बन्धी थप जानकारीका लागि कृषि विकास कार्यालय सल्यानको Website: www.adosalyan.gov.np हेर्न वा कार्यालयको फोन नं.०८८-५२०१३० मा सम्पर्क गर्न सकिने छ ।

तपसिल:

| क्र. सं. | आयोजना कार्यक्रमको नाम | वजेट रु. | कैफियत |
|---|---|---|---|
| १ | सहकारीहरु मार्फत कृषि क्षेत्रमा लगानी भएको ऋणमा व्याज अनुदान कार्यक्रम | ४ लाख | ➢ कृषि तथा वहुउद्धेश्यीय सहकारी समाबेश हुन सक्ने छन । |

आवश्यक कागजातहरु:

१. अनुसूची-२४ वमोजिमको निवेदन।
२. संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि।
३. संस्थाको विनियमको प्रतिलिपि।
४. साधारण सभाले अनुमोदन गरेको पछिल्लो बचत तथा ऋण परिचालन नीति वा निर्देशिकाको प्रतिलिपि।
५. ऋणमा लिने र बचतमा दिने व्याजदर सम्बन्धमा बचत तथा ऋण परिचालन नीति वा निर्देशिकामा रहेकोभन्दा पछि कुनै परिवर्तन गरिएको भए सो पछिल्लो निर्णयको प्रमाणित प्रतिलिपि ।
६. पछिल्लो बार्षिक साधारण सभाको उपस्थिति र निर्णयको प्रतिलिपि ।
६. कृषि ऋणको व्याज अनुदान कार्यक्रममा सहभागी हुन साधारण सभाले गरेको निर्णय वा साधारण सभाबाट अनुमोदन गराउने गरी संचालक समितिबाट भएको निर्णयको प्रतिलिपि।
८. साधारण सभामा पेश गरेको लेखा सुपरिवेक्षण समितिको वार्षिक प्रतिवेदन।
९. पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन।



महेश आचार्य
नि. कार्यालय प्रमुख

Scanned with CamScanner

कर्णाली प्रदेश सरकार
भूमि ब्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि विकास कार्यालय, सल्यान

फोन नं. ०८८-५२०१३०
Email: adosalyan2081@gmail.com
website:www.adosalyan.gov.np

१०. कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।

११. संस्थाको प्रकृति अनुसारको मुख्य कारोवार संचालन नगरेको भए सञ्चालन गर्ने स्पष्ट कार्ययोजना।

१२. लेखापरीक्षण प्रतिवेदनमा भाखा नाघेको र भाखा ननाघेको ऋणको वर्गिकरण नखुलेको भए सो खुलेको स्पष्ट र प्रमाणित विवरण।

१३. कार्यक्षेत्र बाहिर गई वा गैरसदस्यसँग वा उद्देश्य विपरित हुनेगरी कारोवार गरेको छैन भन्ने प्रतिवद्धता पत्र।

१४. यस अघि सरकारी वा अन्य कुनै निकायबाट अनुदान वा कुनै सहुलियत प्राप्त गरेको भए प्राप्त रकम प्राप्त मितिः प्रदान गर्ने निकायको नाम र त्यस्तो अनुदानको उपयोग र प्रभाव विश्लेषणको संक्षिप्त विवरण।

१५. संस्था दर्ता गर्ने निकाय (भूमि व्यवस्था तथा सहकारी रजिष्ट्रारको कार्यालय, कर्णाली प्रदेश सुर्खेत) मा पठाउनुपर्ने प्रगति विवरणहरु नियमित रुपमा पठाउने गरे नगरेको सो कार्यालयको सिफारिस पत्र।

महेश आचार्य
नि. कार्यालय प्रमुख



Scanned with CamScanner